# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com

❒ वर्ष : २५ ❒ अंक : ३३३ ❒ बुधवार, ३१ भदौ, २०८३ ❒ Wednesday, 16 Sep 2026 ❒ नेपाल संवत ११४६ ❒ पृष्ठ : ४ ❒ मूल्य : रु. १०







# ऋषिपञ्चमी पर्व मनाएसँगै सकियो तीज



❒ काँक्रेविहार संवाददाता

सुर्खेत, ३० भदौ

भाद्र शुक्ल पञ्चमीका दिनमा मनाइने ऋषि पञ्चमी मंगलवार नेपाली नारीहरूले अरुन्धतीसहित सप्त ऋषिको विधिपूर्वक पूजा आराधना गरी मनाएका छन्।

महिलाले बिहानै उठेर नजिकको नदी, खोला, ताल, तलैया र पोखरीमा गई ३६५ वटा दत्तिवनले दाँत माझ्ने, गाईको गोबर, माटो र खरानी लगाई स्नान गर्ने गर्दछन्। रजस्वलाका समयमा छाइछुइलगायत कुनै त्रुटि भएको भए ऋषि पञ्चमीको दिन अरुन्धतीसहित सप्तऋषिको पूजा गर्नाले त्यसबाट मुक्ति पाइने धार्मिक विश्वास छ।

स्नान गरेपछि अरुन्धतीसहित अत्रि, गौतम, भारद्वाज, जमदग्नि, वशिष्ठ, कश्यप र विश्वामित्रको पूजा गरेका छन्। जसलाई ऋषि पञ्चमीको पूजा लगाउने भनिन्छ। सप्तऋषिको पूजा गर्ने पञ्चमी भएकैले पञ्चमीलाई ऋषि पञ्चमी भनिएको हो। रजस्वला भएका बेलामा अरुलाई छोइछाई गर्दा महिलाको शरीरबाट निस्कने विकृत रजका कीटाणुले नराम्रा रोग निम्त्याउने र त्यसले गर्दा महिलालाई नै पाप लाग्ने भएकाले छुन नहुने र जानी नजानी छोइछाई भएमा ऋषि पञ्चमीको दिनमा अरुन्धतीसहित सप्तऋषिको पूजा गर्नाले त्यस पापबाट मुक्त भइने धार्मिक विश्वास रहिआएकाले यस पर्वलाई वैज्ञानिक मान्नुपर्ने विज्ञहरू बताउँछन्।

# वर्षदिन बित्यो, करोडौंका संरचना भने अझै खण्डहर

❒ काँक्रेविहार संवाददाता

सुर्खेत, ३० भदौ

केही वर्षअघिसम्म हेर्दा आकर्षक र प्रयोगका हिसाबले सुविधासम्पन्न मानिएको कर्णाली प्रदेशसभाको बैठक कक्ष अहिले खण्डहरमा परिणत भएको छ। प्रदेशसभा सदस्यदेखि दर्शक र सञ्चारकर्मीसम्मका लागि छुट्टाछुट्टै सुविधा, खुला रोस्ट्रम, सभामुखको आराम कक्ष तथा लबीसहितको संरचना रहेको प्रदेशसभा भवन २०८२ भदौ २४ गतेको जेन-जी आन्दोलनका क्रममा आगजनी र तोडफोडबाट पूर्णरूपमा क्षतिग्रस्त भएपछि अहिलेसम्म पुनर्निर्माण हुन सकेको छैन।

बैठक कक्ष प्रयोग गर्न नमिल्ने भएपछि प्रदेशसभा बैठक अहिले साँघुरो कोठाबाट सञ्चालन हुँदै आएको छ। प्रदेशसभा सदस्यहरू नै उकुसमुकुस भएर बस्नुपर्ने अवस्थाका कारण दर्शकदीर्घा तथा सञ्चारकर्मीका लागि समेत पर्याप्त स्थान व्यवस्थापन गर्न कठिन भएको प्रदेशसभा सचिवालयका सूचना अधिकारी राजेन्द्र पौडेलले बताए।

उनका अनुसार आन्दोलनका क्रममा प्रदेशसभाको भवन, कार्यकक्ष, फर्निचर, विद्युतीय सामग्री, कम्प्युटर, सवारीसाधनलगायतका संरचना र सामग्रीमा ठूलो क्षति पुगेको थियो। आन्दोलनको करिब ६ महिनापछि प्रदेशसभा सचिवालय र पदाधिकारीका कार्यकक्ष मर्मत गरी सञ्चालनमा ल्याइए पनि बैठक कक्षको पुनर्निर्माण भने हुन सकेको छैन।

'आन्दोलनका क्रममा



## प्रदेश लेखा कार्यालय पनि एउटै हलबाट सञ्चालन

आन्दोलनको असर प्रदेश लेखा नियन्त्रक कार्यालयमा पनि परेको छ। आगजनी र तोडफोडका कारण कार्यालयका उपकरण तथा सामग्री नष्ट भएपछि अहिले कार्यालयको काम एउटै हलबाट सञ्चालन भइरहेको छ।

प्रदेश लेखा नियन्त्रक रत्नप्रसाद सुवेदीका अनुसार आन्दोलनको करिब एक महिनापछि भवनको माथिल्लो तलामा रहेको सभा हल मर्मत गरेर तत्कालका लागि कार्यालय सञ्चालन गरिएको हो। तर कार्यालयले पहिले प्रयोग गर्दै आएका दुई वटा तला अझै पुनर्निर्माण हुन सकेका छैनन्।

एउटै कार्यकक्षमा धेरै कर्मचारीले काम गर्नुपर्ने अवस्था रहेकाले नियमित काममा समेत समस्या भइरहेको सुवेदीले बताए। प्रदेश लेखा नियन्त्रक कार्यालयमा भवन, फर्निचर, फिक्चर्स, कम्प्युटर तथा इलेक्ट्रोनिक्स, सवारीसाधन, सरकारी कागजात र नगदसहित १ करोड ३२ लाख १६ हजार ६१ रुपैयाँ ८७ पैसा बराबरको क्षति भएको थियो।

## २१ करोडभन्दा बढीको सरकारी क्षति

जेन-जी आन्दोलनका क्रममा सुर्खेतमा सरकारी कार्यालयमा मात्रै २१ करोड १० लाख ५६ हजार ७ सय ४६ रुपैयाँ बराबरको क्षति भएको थियो। त्यसमध्ये संघ तथा प्रदेश मातहतका निकायमा १० करोड १९ लाख ६९ हजार ३ सय ४६ रुपैयाँ र वीरेन्द्रनगर नगरपालिका तथा मातहतका वडा कार्यालयमा १० करोड ९० लाख ८७ हजार ४ सय रुपैयाँ बराबरको क्षति भएको थियो। प्रदेशसभादेखि प्रदेश लेखा नियन्त्रक कार्यालयसम्मका महत्वपूर्ण सरकारी संरचना लामो समयसम्म पुनर्निर्माण नहुँदा त्यसको प्रत्यक्ष असर सेवा प्रवाह र सरकारी कामकारबाहीमा परेको छ।

## २५ कार्यालयमा तोडफोड र आगजनी

जेन-जी आन्दोलनका क्रममा वीरेन्द्रनगर नगरपालिका, नगरका आठ वटा वडा कार्यालय, जिल्ला समन्वय समिति, नापी, भूमि प्रशासनलगायत २५ वटा सरकारी कार्यालयमा तोडफोड र आगजनी भएको थियो तीमध्ये अधिकांश संरचना अझै पुनर्निर्माणको पर्खाइमा छन् भने केही सामान्य मर्मत तथा रंगरोगन गरेर सञ्चालनमा ल्याइएका छन्। उपलब्ध विवरणअनुसार आन्दोलनका क्रममा जिल्ला समन्वय समितिको कार्यालयमा ४ लाख ३० हजार रुपैयाँ, सडक डिभिजन कार्यालय सुर्खेतमा २ लाख ४० हजार, भेरी करिडोर सिँचाइ तथा नदी व्यवस्थापन आयोजनामा ६० हजार र नापी कार्यालयमा २ करोड ६३ लाख ६० हजार ९ सय ९० रुपैयाँ बराबरको क्षति भएको थियो। त्यस्तै भेरी-बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना कार्यालयमा ४ लाख १० हजार र वीरेन्द्रनगर नगरपालिकामा २ करोड ४६ लाख ३९ हजार रुपैयाँ बराबरको क्षति पुगेको थियो। आन्दोलनका क्रममा विभिन्न राजनीतिक दलका कार्यालय तथा नेताहरूका निवासमा समेत आगजनी र तोडफोड भएको थियो। नेपाली कांग्रेसका नेता पूर्णबहादुर खड्का, कर्णालीका पूर्वमुख्यमन्त्री यामलाल कँडेल, वीरेन्द्रनगर नगरपालिकाका प्रमुख मोहनमाया ढकाल र उपप्रमुख निलकण्ठ खनालका निवासमा क्षति पुगेको थियो।

# थप ६० बुलेट ग्यास ल्याइने, एक हप्तामा अभाव हट्ने उद्योगमन्त्रीको दाबी

❒ काँक्रेविहार संवाददाता

काठमाडौं, ३० भदौ

सरकारले भारतबाट दैनिक १६० बुलेट ग्यास आयात गर्ने भएको छ।

अहिले भएको अभाव टार्नका लागि ग्यासको आयात बढाउन लागिएको उद्योगमन्त्री दीपक साहले बताएका छन्।

यसअघि दैनिक करिब १०० बुलेट ग्यास आयात हुने भनिए पनि भारतबाट औसत ९० देखि ९५ बुलेट मात्रै नेपाल आइरहेको छ। त्यसमाथि कृष्णभिरमा गएको पहिरोका कारण राजमार्ग पूर्णरूपमा सञ्चालनमा आउन नसक्दा ग्यास आपूर्ति थप प्रभावित बनेको थियो।



हाल मकवानपुर, चितवन, नवलपरासी, बारा र पर्सामा बुलेटबाट ग्यास रिफिल गरी सिलिन्डरहरू काठमाडौं ल्याउने व्यवस्था मिलाइएको छ।

नवनियुक्त उद्योग मन्त्री साहले आज आयल निगममै गएर ग्यासको माग र आपूर्तिको अवस्था बुझेका थिए। मन्त्रीको निर्देशन अनुसार निगमले इन्डियन आयल कर्पोरेसनलाई पत्राचार गरेको जनाइएको छ।

नेपालको माग बमोजित थप दैनिक ६० बुलेट ग्यास दिन आइओसी तयार भएको मन्त्री साहले जानकारी दिए। अबको एक हप्तामा ग्यासको आपूर्ति सहज हुने उनको दाबी छ।

# सभापति लामिछानेको आह्वानमा आज सर्वदलीय बैठक हुने



❒ काँक्रेविहार संवाददाता

काठमाडौं, ३० भदौ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको आह्वानमा बुधबार आज सर्वदलीय बैठक बस्ने भएको छ।

रास्वपाका प्रवक्ता जगदीश खरेलका अनुसार भोलि बुधबार बिहान ११ बजे सिंहदरबारस्थित रास्वपा संसदीय दलको कार्यालयमा शीर्ष नेतृत्वबीच सर्वदलीय बैठक बस्न लागेको हो।

बैठकमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि उच्चस्तरीय राजनीतिक संयन्त्र गठन गर्ने विषयमा छलफल हुने जनाइएको छ।

बैठकमा विभिन्न राजनीतिक दलका शीर्ष नेताहरूको सहभागिता रहने रास्वपाले जनाएको छ।

# लोडसेडिङ हुन नदिन विद्युत प्राधिकरणको अग्रिम तयारी

❒ काँक्रेविहार संवाददाता

काठमाडौं, ३० भदौ

नेपाल विद्युत् प्राधिकरणले आगामी हिउँद् (सुक्खा याम)मा नेपालमा लोडसेडिङ हुन नदिन आवश्यक तयारी थालेको छ।

प्राधिकरणले भदौ १० गते भोटेकोशीमा आएको बाढीले १३ जलविद्युत् आयोजनामा ठुलो क्षति गरेसँगै सुक्खा याममा विद्युतको लोड व्यवस्थापनका लागि आवश्यक तयारी थालेको प्राधिकरणले जनाएको छ।

बाढीले नेपालका धेरै जलविद्युत् आयोजनामा क्षति पुऱ्याएकाले आन्तरिक बिजुली उत्पादन क्षमता घटाउने र थप बिजुलीको




माग बढाउने देखिएको छ। वर्षायाममा बिजुली निर्यात गर्दै आएको नेपालले सुक्खायाममा भने आन्तरिक माग धान्न भारतबाट बिजुली आयात गर्दै आएको छ।

प्राधिकरणका अनुसार त्यही अनुरुप हिउँदको विद्युत् माग धान्न भारतले ६५४ मेगावाट आयातको स्वीकृति दिएको छ। भारतले आगामी पुस १६ सम्म नेपाललाई दैनिक १८ घण्टा बिजुली आयात गर्न दिने भएको छ।

भारतको ऊर्जा मन्त्रालयले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै नेपाललाई २८ भदौदेखि आगामी १६ पुससम्म बिजुली आयात अनुमति नवीकरण गरिएको उल्लेख छ। भारतले नेपालमा पुस १६ सम्म राति १२

बाँकी पृष्ठ २

## सम्पादकीय

# कालोपत्र सडकले बदलिँदै ग्रामीण जीवन

थारमारे-बडागाउँ-रागेचौर-चौरजहारी सडक कुनै समय स्थानीयका लागि सहज यातायातको माध्यमभन्दा बढी सास्तीको पर्याय थियो । वर्षायाममा हिलोमा गाडी फस्ने र हिउँदमा धूलोले सडकछेउका बस्ती नै प्रभावित हुने अवस्था थियो । बिरामी बोकेका एम्बुलेन्सदेखि दैनिक उपभोग्य सामग्री बोकेका सवारीसाधनसम्म बीच बाटोमै रोकिनुपर्ने बाध्यता स्थानीयले वर्षौंसम्म भोगे । तर अहिले सडकको ठूलो हिस्सा कालोपत्र भएपछि त्यस क्षेत्रको दैनिकी बदलिन थालेको छ । थारमारेदेखि कुमाख गाउँपालिका–५ चिसापानीसम्म करिब ३२ किलोमिटर सडक कालोपत्र हुनु आफैंमा महत्वपूर्ण उपलब्धि हो। सडक सहज भएपछि बजार, विद्यालय, स्वास्थ्य संस्था र सरकारी कार्यालयसम्मको पहुँच बढेको छ । किसानले आफ्ना उत्पादन समयमै बजार पुऱ्याउन पाएका छन् भने यात्राको समय र सवारी सञ्चालन खर्चसमेत घटेको छ ।

वास्तवमा ग्रामीण सडक केवल यातायातको पूर्वाधार होइन, स्थानीय अर्थतन्त्रको मेरूदण्ड पनि हो । सडक राम्रो हुँदा कृषि उत्पादनले बजार पाउँछ, व्यापार विस्तार हुन्छ, स्वास्थ्य र शिक्षामा पहुँच सहज हुन्छ र ग्रामीण क्षेत्रमा आर्थिक गतिविधि बढ्छ । त्यसैले थारमारेदेखि चौरजहारीसम्मको सडकलाई केवल सडक निर्माण आयोजनाका रूपमा होइन, दुई जिल्लाको आर्थिक तथा सामाजिक सम्बन्ध बलियो बनाउने महत्वपूर्ण पूर्वाधारका रूपमा लिनुपर्छ । कर्णाली प्रदेश सरकारले २०७७ सालदेखि सुरू गरेको कालोपत्रको कामले सकारात्मक परिणाम देखाउन थाले पनि अझै सम्पूर्ण यात्रा पूरा भएको छैन । केही स्थानमा नाली, पर्खाल, सडक सुरक्षा संरचना र फिनिसिङको काम बाँकी छ । रागेचौर, स्यानीपिप्ली हुँदै चौरजहारीसम्मको बाँकी खण्ड पनि समयमै सम्पन्न गर्न आवश्यक छ ।

अधुरो सडकले फेरि पुरानै समस्या नदोहोऱ्याओस् भन्नेतर्फ सम्बन्धित निकाय सचेत हुनुपर्छ। निर्माणको गति मात्र होइन, सडकको गुणस्तर र दिगोपन पनि प्राथमिकतामा पर्नुपर्छ । कालोपत्र गरेर केही वर्षमै सडक बिग्रिने अवस्था आयो भने अहिले गरिएको लगानीको औचित्यमाथि प्रश्न उठ्नेछ । वर्षौंदेखि कच्ची सडकको पीडा भोगेका नागरिकका लागि कालोपत्र सडक विकासको अनुभूति हो। अब बाँकी काम समयमै सम्पन्न गर्दै थारमारेदेखि चौरजहारीसम्मको सडकलाई सुरक्षित, भरपर्दो र गुणस्तरीय बनाउन सके यसले सल्यान र रूकुम पश्चिमको यातायात मात्र होइन, कर्णालीको ग्रामीण अर्थतन्त्रलाई समेत नयाँ गति दिन सक्छ ।

## शैक्षिक रूपान्तरणको नयाँ दिशा:

# प्रविधि, समालोचनात्मक सोच र सङ्घीय शिक्षा ऐन



✍ मानबहादुर बस्नेत

नेपालको औपचारिक शिक्षा प्रणाली इतिहासको एउटा विशिष्ट र संवेदनशील मोडमा खडा छ । वि. सं. १९१० मा राणा प्रधानमन्त्री जङ्गबहादुर राणाले स्थापना गरेको दरबार हाई स्कूलबाट प्रारम्भ भएको औपचारिक शिक्षाको यात्रा, २०२८ को राष्ट्रिय शिक्षा पद्धति योजना (NESP), २०४६ को प्रजातन्त्र पुनःस्थापना पश्चात्का विभिन्न आयोगका प्रतिवेदनहरू हुँदै २०६३ को राजनीतिक परिवर्तनसम्म आइपुग्दा भौतिक पूर्वाधार र पहुँचका हिसाबले निकै फड्को मारिसकेको छ। २०७२ को नेपालको संविधानले धारा ३१ मार्फत शिक्षालाई मौलिक हकका रूपमा ग्यारेन्टी गर्दै आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ भने अनुसूची ८ मार्फत आधारभूत र माध्यमिक शिक्षाको सम्पूर्ण अधिकार स्थानीय तहलाई सुम्पिएको छ । तर, संविधान लागू भएको एक दशक बित्नै लाग्दा र तीन तहका सरकार क्रियाशील रहँदा पनि पञ्चायतकालीन २०२८ सालको शिक्षा ऐनकै भरमा चलेको हाम्रो सार्वजनिक शिक्षाको गुणस्तर र सिकाइ उपलब्धिमा अपेक्षित परिवर्तन आउन सकेको छैन । २१ औँ शताब्दीको उत्तरार्धतिर उन्मुख हुँदै गर्दा विश्वव्यापी रूपमा कृत्रिम बुद्धिमत्ता (AI) र ज्ञानमा आधारित अर्थतन्त्र (Knowledge-based Economy) ले शिक्षाको परम्परागत परिभाषा नै बदलिसकेकाले कण्ठस्थ गराउने (Rote Learning) र परीक्षाकेन्द्री परिपाटीलाई संरचनात्मक र नीतिगत रूपमै सच्याउनु अनिवार्य भइसकेको छ ।

यस परिवेशमा परम्परागत कक्षाकोठाको 'शिक्षक नै ज्ञानको अन्तिम बाहक र विद्यार्थी खाली भाँडो (Tabula Rasa)' भन्ने मान्यता पूर्णतः अप्रासंगिक बनेको छ। आज विद्यार्थीहरू Google, ChatGPT र विविध E-Portals (जस्तै Khan Academy, OER) मार्फत सूचनाको महासागरमा तैरिरहेका छन् । तर, आजको शिक्षक भनेको केवल सूचना दोहोऱ्याउने 'गुगल शिक्षक' होइन, बरु गुगलमा पाइने विभिन्न ज्ञान र स्रोतहरूको सही संयोजन गर्ने कुशल फियुजनकर्ता (Knowledge Fusion) हो। नेपालको शिक्षा क्षेत्रमा परम्परागत सूचना प्रवाहकको भूमिकाबाट माथि उठेर समीक्षात्मक सोच (Critical Thinking), नैतिक मूल्य-मान्यता, र ज्ञानको एकीकरण गराउने पथप्रदर्शक तथा सहजकर्ता हामी शिक्षाकर्मी आजको मुख्य आवश्यकता हौँ । शिक्षकलाई प्रविधिमैत्री (E-Teaching Learning Facilitator) बनाउँदै राष्ट्रियता, सामाजिक सहिष्णुता र जवाफदेहितासहितको सहभागितामूलक सिकाइ संस्कृति निर्माण गर्नु अपरिहार्य छ। Google, ChatGPT र E-Portals को सही प्रयोगमार्फत सिकारुलाई तथ्याङ्क शोधक र अनुसन्धानकर्ताका रूपमा स्थापित गर्दै परिवर्तनको सम्वाहक (Change Agent) बनाउनुपर्छ । शिक्षकको मूल दायित्व विद्यार्थीलाई संस्कारी, सहिष्णु, आज्ञाकारी, अनुशासित, राष्ट्रप्रेमी, व्यावहारिक तथा सत्य र गलत छुट्याउन सक्ने सचेत नागरिक बनाउनु हो । जहाँ आजको प्रविधिले यो कुराको प्रतिनिधित्व गर्न सकेको छैन। यसका लागि शिक्षकले केवल पाठ्यपुस्तक वाचन नगरी खोजीमा आधारित सिकाइ (Inquiry-based Learning), डिजिटल नागरिकता र प्रविधिले दिन नसक्ने मानवीय संवेदना, सहकार्य तथा जीवनोपयोगी सीपहरूको विकास गराउने भूमिका निर्वाह गर्नुपर्छ।

नेपाल नीतिगत र कानुनी प्रतिबद्धतामा पछाडि छैन; नेपालको संविधान (२०७२), राष्ट्रिय शिक्षा नीति २०७६, र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत र माध्यमिक शिक्षाको नियमन, अनुगमन, शिक्षक दरबन्दी मिलान, र स्थानीय पाठ्यक्रम विकासको स्पष्ट दायित्व तोकेका छन्। त्यसैगरी दिगो विकास लक्ष्य (SDG 4) ले सन् २०३० सम्ममा समावेशी, समतामूलक र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने लक्ष्य राखेको छ भने दीर्घकालीन सोच २१०० र १६ औँ आवधिक योजनाले ज्ञानमा आधारित अर्थतन्त्र (Knowledge-based Economy) र उच्चस्तरीय मानव पुँजी निर्माणमा जोड दिएका छन्। साथै, विद्यालय शिक्षा क्षेत्र योजना (SESP 2021-2030) ले समता, गुणस्तर, उत्थानशीलता र सुशासन कायम गर्दै सिकाइ उपलब्धिलाई सुधार गर्ने कानुनी र रणनीतिक खाका प्रस्तुत गरेको छ। तर, सङ्घीय कानुनको अभाव, डिजिटल विभाजन (Digital Divide), बजेटको अपर्याप्तता, जनशक्तिको कमी र अन्तर-सरकार समन्वयको कमीले गर्दा कार्यान्वयनको धरातल भने दयनीय छ। 'शुक्रबार Book Free Flight' (पुस्तकविहीन शुक्रबार) वा 'आइतबार बिदा' जस्ता विषय व्यवस्थापकीय प्रयोग मात्र हुन्; यस्ता सतही र एकाङ्की सुधारले शिक्षाको मूल समस्या समाधान गर्न सक्दैनन्। वास्तविक सुधारका लागि प्रविधि, समालोचनात्मक सिकाइ र व्यावहारिक Task Formation को संयोजन आवश्यक छ, जसले निरन्तर शिक्षक पेसागत विकास (TPD) र परियोजनामा आधारित मूल्यांकन (Project-based Assessment) लाई जोड्न सकोस्।

यी सम्पूर्ण रूपान्तरणकारी प्रयासलाई दिशा दिन र शैक्षिक उन्नयनका लागि सबल र सुदृढ 'सङ्घीय शिक्षा ऐन' नै आजको अन्तिम र निर्विकल्प अस्त्र हो । यस ऐनले सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार स्पष्ट विभाजित गरी जुध्ने परिपाटी अन्त्य गर्नुपर्छ। ऐनमार्फत शिक्षक सेवा आयोगलाई सुदृढ गर्दै निष्पक्ष भर्ती, आवधिक E-Teaching तालिम अनिवार्य गराउने र शिक्षकलाई दलगत राजनीतिबाट पूर्णतः मुक्त (Depoliticization) गराउने कडा प्रावधान ल्याउनुपर्छ।

साथै, दुर्गमका विद्यालयहरूमा उच्च गतिको इन्टरनेट र कम्प्युटर ल्याबसहितको डिजिटल पूर्वाधारको बजेट ग्यारेन्टी गर्ने, कण्ठस्थ विद्याको सट्टा नवप्रवर्तन, अनुसन्धान र Task Formation मा आधारित पाठ्यक्रम लागू गर्ने, र स्वतन्त्र संयन्त्रमार्फत कार्यसम्पादन मापन गरी शिक्षकको वृत्तिविकासलाई सिकाइ उपलब्धिसँग जोड्ने व्यवस्था गरिनुपर्छ । सस्तो लोकप्रियताका प्रशासनिक प्रयोग छाडेर समीक्षात्मक सोच भएका र संस्कारी विद्यार्थी, ज्ञानका स्रोतहरूको फियुजनकर्ता शिक्षक र सबल सङ्घीय शिक्षा ऐनको जगमा टेकेर अघि बढ्नु नै समृद्ध नेपाल र ज्ञानमा आधारित समाज निर्माणको एक मात्र सुनिश्चित बाटो हो।

*(लेखकः शिवालय गाउँपालिकामा कार्यरत प्रमुख शिक्षा अधिकृत-आठौँ हुन्)*

# आईजीपी कार्कीबारे खगेन्द्र सुनारको अभिव्यक्ति संसद्को रेकर्डबाट हट्यो

**कााँक्रेविहार संवाददाता**
काठमाडौं, ३० भदौ

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद खगेन्द्र सुनारले नेपाल प्रहरी महानिरीक्षक दानबहादुर कार्कीबारे दिएको अभिव्यक्तिको अंश संसदीय रेकर्डबाट मंगलबार हटाइएको छ।

सभामुख डोलप्रसाद अर्यालले गत भदौ २६ गतेको प्रतिनिधिसभा बैठकको शून्य समयमा सांसद सुनारले कार्कीबारे बोलेका विवादित अंश रेकर्डबाट हटाउन निर्देशन दिएका हुन्।

सांसद सुनारले 'कहिल्यै पनि बाबुलाई छोरीको, पुलिसलाई चोरीको आरोप गम्भीर हुन्छ' भन्दै आईजीपी कार्कीमाथि भ्रष्टाचारको आरोप लगाउँदै छानबिन र बर्खास्तीको माग गरेका थिए। सार्वजनिक लेखा समितिको बैठक तथा संसदमा प्रहरीको पोशाक, जुत्ता र मोजा खरिदमा करोडौँ रुपैयाँ भ्रष्टाचार भएको दाबी गर्दै उनले आईजीपी कार्कीलाई तत्काल बर्खास्त गर्न माग गरेका थिए।

## लोडसेडिङ...

बजेदेखि साँझ ६ बजेसम्म आयात गर्न दिने भएको छ।

'भारतको स्वीकृतिले नेपालको आवश्यक बिजुलीको माग परिपूर्ति गर्न मद्दत गर्नेछ। नेपाल र भारतबिचको ऊर्जा सहकार्यलाई थप सदृढ बनाउनेछ,' विज्ञप्तिमा भनिएको छ, 'नेपालसँग ऊर्जा क्षेत्रमा द्विपक्षीय सहकार्य सदृढ गर्नसमेत भारत प्रतिबद्ध छ।'

भारतले पछिल्लो पटक चैत १८ देखि वैशाख २ गतेसम्म २४ घण्टा, वैशाख ३ देखि असार १६ सम्म १६ घण्टा र असार १७ देखि भदौ १५ सम्म २४ घण्टा बिजुली दिने गरी स्वीकृति नवीकरण गरेको थियो।

भारतले ४०० केभीको ढल्केबर-मुजफ्फरपुरबाट ६ सय मेगावाट र १३२ केभीको टनकपुर-महेन्द्रनगरबाट ५४ मेगावाट बिजुली नेपाललाई आयात गर्न दिएको प्राधिकरणले जनाएको छ। आगामी जनवरी २०२७ देखि गरिने आयातका लागि भने डिसेम्बर २०२६ मा समीक्षा गरिने विज्ञप्तिमा उल्लेख छ।

विद्युत् प्राधिकरणका कामु कार्यकारी निर्देशक दीर्घायु श्रेष्ठले प्राधिकरणले आगामी पुस १६ गतेसम्म दैनिक १८ घण्टासम्म विद्युत् निर्यात गर्न सक्ने गरी व्यवस्थापन गरिरहेको बताए।

उनले बाढीको कारण जलविद्युतमा ठुलो क्षति भएकाले त्यसलाई मध्यनजर गरी हिउँदमा विद्युत् आपूर्ति सहज बनाउन समयमै भारतसँग समन्वय गरेर आयातको स्वीकृति लिएको स्वीकार गरे। हिउँद् अर्थात् सुक्खा याममा नेपालका नदी प्रवाहमा आधारित (रन अफ रिभर) जलविद्युत् आयोजनाहरूको पानीको बहाव घट्दा आन्तरिक उत्पादन खुम्चिने गरेको छ।

यस्तो अवस्थामा आन्तरिक माग धान्न प्राधिकरणले भारतबाट विद्युत् आयात गर्नुपर्ने हुन्छ श्रेष्ठका अनुसार अन्तिम समयमा समस्या नहोस् भनेर प्राधिकरणले एक/दुई महिना अगाडि नै भारतसँग विद्युत् आयातको स्वीकृति लिएको हो।

'हिउँदमा आन्तरिक उत्पादन घट्दा माग धान्न हामीले ६५४ मेगावाट विद्युत् आयात गर्ने पूर्वस्वीकृति लिइसकेका छौँ,' कामु कार्यकारी निर्देशक श्रेष्ठले भने।

## वर्षदिन...

प्रदेशसभाका सबै संरचना प्रयोग गर्न नमिल्ने अवस्थामा पुगेका थिए,' पौडेलले भने, 'कार्यालयका कार्यकक्षहरू मर्मत गरेर सञ्चालनमा ल्याए पनि बैठक कक्ष अझै पुनर्निर्माण हुन सकेको छैन।'

बैठक कक्ष पुनर्निर्माण नहुँदा प्रदेशसभा सञ्चालनमा समेत समस्या आउने गरेको सचिवालयले जनाएको छ।

विशेषगरी प्रतिपक्षी दलले बैठकमा घेराउ गर्दा वा कुनै सदस्य रोस्ट्रमतर्फ अघि बढ्दा साँघुरो संरचनाका कारण सुरक्षा व्यवस्थापनमा चुनौती हुने गरेको पौडेलले बताए।

प्रदेशसभा सचिवालयका अनुसार आन्दोलनका क्रममा ३ करोड ९४ लाख १६ हजार ३ सय ९४ रुपैयाँ ४८ पैसा बराबरको क्षति पुगेको थियो। भवन, कोठा, फर्निचर, फिक्चर्स, कम्प्युटर, इलेक्ट्रोनिक्स, सवारीसाधन तथा अन्य सामग्रीमा क्षति पुगेको थियो।

### मन्त्री निवासदेखि मुख्यमन्त्री निवाससम्म पुनर्निर्माण बाँकी

जेन-जी आन्दोलनका क्रममा क्षति पुगेका प्रदेश सरकारका अन्य महत्वपूर्ण संरचनाको अवस्था पनि उस्तै छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री निवासलगायतका संरचनामा समेत क्षति पुगेको थियो। तीमध्ये कतिपय संरचना सामान्य मर्मत तथा रंगरोगनपछि सञ्चालनमा आए पनि ठूलो क्षति भएका संरचनाको पुनर्निर्माण अझै बाँकी छ।

कर्णाली प्रदेश सरकारले भने चालु आर्थिक वर्षभित्र आन्दोलनका क्रममा क्षति पुगेका प्रदेश सरकार मातहतका सबै संरचना पुनर्निर्माण गर्ने जनाएको छ।

प्रदेश सरकारका सामाजिक विकास मन्त्री जीतबहादुर मल्लले प्रदेशसभा बैठक कक्षको पुनर्निर्माण प्रक्रिया सुरु भइसकेको र अन्य संरचनाको पनि पुनर्निर्माण अघि बढाइने बताए।

उनका अनुसार क्षति भएका संरचना पुनर्निर्माणका लागि सम्बन्धित कार्यालयहरूले चालु आर्थिक वर्षमा बजेटसमेत विनियोजन गरेका छन्।

# स्वास्थ्य सेवाको पहुँच बढ्दै



❑ काँक्रेविहार संवाददाता
जुम्ला, ३० भदौ

स्वास्थ्य संस्थाको विस्तार र स्थानीयस्तरमै प्राथमिक स्वास्थ्य सेवा उपलब्ध हुन थालेसँगै जिल्लाको जनस्वास्थ्य अवस्था क्रमशः सुधार हुँदै गएको छ।

गाउँगाउँमा स्वास्थ्य संस्था पुगेपछि सामान्य स्वास्थ्य समस्या लिएर उपचारका लागि टाढा जानुपर्ने नागरिकको बाध्यता घटेको जनस्वास्थ्य सेवा कार्यालयले जनाएको छ।

जुम्लामा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानसहित ७० वटा स्वास्थ्य संस्था सञ्चालनमा छन्। जिल्लामा एक प्राथमिक स्वास्थ्य केन्द्र, २९ स्वास्थ्य चौकी, २७ आधारभूत स्वास्थ्य सेवा केन्द्र, ११ सामुदायिक स्वास्थ्य एकाइ र एक सहरी स्वास्थ्य केन्द्र रहेका छन्।

स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न ६० वटै वडामा पाँच सय ३७ महिला स्वास्थ्य स्वयंसेविका परिचालन गरिएको छ।

जनस्वास्थ्य सेवा कार्यालय जुम्लाका प्रमुख किरणकुमार शर्माका अनुसार जटिल प्रकृतिका बिरामीबाहेक अधिकांश सामान्य स्वास्थ्य समस्या भएका नागरिकले गाउँमै प्राथमिक उपचार पाउने अवस्था बनेको छ।

स्वास्थ्य समस्या देखिएपछि समयमै स्वास्थ्य संस्थामा पुग्ने नागरिकको प्रवृत्तिसमेत बढेकाले समग्र स्वास्थ्य अवस्थामा सकारात्मक प्रभाव परेको उनले बताए। जुम्लाको कुल जनसङ्ख्या एक लाख ९१ हजार एक सय ८८ रहेको छ।

जिल्लामा प्रजनन उमेर समूहका महिला ३४ हजार पाँच सय ५३ अनुमानित गर्भवती दुई हजार सात सय ४६, पाँच वर्षमुनिका बालबालिका ११ हजार एक सय २८ र दुई वर्षमुनिका बालबालिका चार हजार ६ सय सात जना रहेका छन्।

जिल्लाको स्वास्थ्य अवस्था २६ वटा प्रमुख सूचकका आधारमा मूल्याङ्कन हुने गरेको छ। अधिकांश सूचक सुधारोन्मुख भए पनि स्वास्थ्यकर्मीको दरबन्दी, सीप तथा क्षमता विकास, मातृ मृत्युदर न्यूनीकरण, किशोरी प्रजनन दर घटाउने र घरमै हुने प्रसूति कम भएको छ।

# पोल गाडेको आठ वर्षपछि बल्ल घरघरमा बिजुली

❑ काँक्रेविहार संवाददाता
सल्यान, ३० भदौ



कालिमाटी गाउँपालिकाका सात काप्रेचौरका घुइयाबारी, ज्यामिरेखोली र बाटुलेका बासिन्दाले पोल गाडिएको आठ वर्षपछि विद्युत् सेवा पाएका छन्।

लामो समयदेखि प्रसारण लाइन विस्तार हुन नसक्दा अन्धकारमा बस्दै आएका स्थानीयले पछिल्लो समय घरघरमा बिजुली बलेपछि राहत महसुस गरेका छन्।

विद्युत् प्राधिकरण सल्यानले २०७५ र २०७६ सालमै उक्त क्षेत्रमा करिब ६ करोड रुपैयाँ खर्च गरेर पोल गाड्ने र तार तान्ने काम सम्पन्न गरेको थियो। तर भौगोलिक विकटता, प्रसारण लाइनको टुंगो नलाग्नु र पूर्ण विद्युतीकरण कार्यक्रमको काममा भएको ढिलाइका कारण संरचना बने पनि विद्युत् आपूर्ति हुन सकेको थिएन।

वडाध्यक्ष मित्रलाल रिजालसहित स्थानीयले पटक-पटक विद्युत् प्राधिकरणका विभिन्न कार्यालयमा पुगेर ज्ञापनपत्र बुझाउने, ताकेता गर्ने तथा प्रदेश कार्यालयमा धर्नासमेत दिएपछि प्रसारण लाइन विस्तारको काम अघि बढेको हो।

सुर्खेतको मेहलकुनाबाट कालिमाटी गाउँपालिका-६ छाछ्रे हुँदै लाइन विस्तार गरिएपछि तीन बस्तीमा विद्युत् पुगेको वडाध्यक्ष रिजालले बताए।

हाल तीन बस्तीका एक सयभन्दा बढी परिवारले विद्युत् सेवा पाएका छन्। असोज पहिलो सातासम्म थप करिब दुई सय परिवारलाई विद्युत् सेवा उपलब्ध गराउने तयारी भइरहेको उनले जानकारी दिए।

वडामा पाँच सयभन्दा बढी परिवार रहेकाले निर्माण कार्य पूरा भएपछि सबै घरमा बिजुली पुग्ने अपेक्षा गरिएको छ।

विद्युत् सेवा पुगेपछि स्थानीय स्वास्थ्य संस्था, वडा कार्यालय तथा अन्य सार्वजनिक सेवामा सहज भएको छ। राति स्वास्थ्य सेवा दिन मोबाइलको टर्च प्रयोग गर्नुपर्ने बाध्यता हटेको छ भने मोबाइल चार्ज गर्न र विद्यार्थीलाई अध्ययन गर्न पनि सुविधा भएको स्थानीयले बताएका छन्।

घुइयाबारीका नारायण वलीले वर्षौंको प्रतीक्षापछि घरमा बिजुली बल्दा खुसी लागेको बताए। अर्की स्थानीय विमला सुनारले विद्युत् आएपछि बालबालिकालाई पढ्न, रातिको समयमा घरायसी काम गर्न तथा आगामी दिनमा विद्युत्को प्रयोग गरी सिँचाइ गर्नसमेत सहज हुने बताए।

विद्युत् प्राधिकरण सल्यानका प्रमुख नरेशदत्त रावलले लाइन विस्तारको काम जारी रहेकाले छिट्टै वडाका अन्य घरमा समेत विद्युत् सेवा पुग्ने जानकारी दिए।

# सीमा सुरक्षा छलफलका लागि हुम्लाको टोली ताक्लाकोटमा



❑ काँक्रेविहार संवाददाता
हुम्ला, ३० भदौ

नेपाल-चीन सीमा सुरक्षा, व्यापार सहजीकरण तथा सीमावर्ती क्षेत्रका विभिन्न विषयमा छलफल गर्न हुम्लाको टोली चीनको ताक्लाकोट पुगेको छ।

हुम्लाका प्रमुख जिल्ला अधिकारी भोलानाथ गुरागाईंको नेतृत्वमा जिल्लाका सुरक्षा निकायका प्रमुख तथा जनप्रतिनिधि सम्मिलित टोली चीनको पुराङ काउन्टीस्थित ताक्लाकोट पुगेको हो।

चीनको पुराङ काउन्टीको स्थानीय प्रशासनको निमन्त्रणामा आयोजना गरिएको अनौपचारिक सीमा सुरक्षा छलफल कार्यक्रममा सहभागी हुन टोली ताक्लाकोट पुगेको प्रमुख जिल्ला अधिकारी गुरागाईंले जानकारी दिए।

कार्यक्रममा नेपाल-चीन सीमा क्षेत्रमा देखिन सक्ने सुरक्षा चुनौती, अपराध नियन्त्रण तथा दुई देशबीचको समन्वय र सहकार्यका विषयमा छलफल हुने बताइएको छ।

टोलीमा प्रमुख जिल्ला अधिकारी गुरागाईंसँगै सशस्त्र प्रहरी बल, नेपाल नम्बर ४४ गुल्मका सशस्त्र प्रहरी नायब उपरीक्षक नन्दबहादुर साउद, जिल्ला प्रहरी कार्यालय हुम्लाका प्रहरी नायब उपरीक्षक शंकर खड्का, राष्ट्रिय अनुसन्धान कार्यालयका प्रमुख मेघराज कँडेल तथा नाम्खा गाउँपालिकाका अध्यक्ष प्रेमबहादुर लामा सहभागी छन्।

टोली स्थलमार्ग हुँदै नाम्खा गाउँपालिकाको केन्द्र याल्वाङ, नारा लेक र हिल्सा नाका पार गरेर ताक्लाकोट पुगेको हो।

छलफलमा सीमा क्षेत्रमा हुने सम्भावित अपराध नियन्त्रण, सीमावर्ती व्यापार तथा आवतजावतमा सहजीकरण, हुम्लाका नागरिकलाई कैलाश मानसरोवर यात्रामा सहजता प्रदान गर्ने विषयलाई प्राथमिकताका साथ उठाइने छ।

साथै, नेपाल-चीनबीच नियमित सीमा सुरक्षा बैठक आयोजना गर्नुपर्ने तथा आपसी सूचना आदानप्रदान र समन्वयलाई थप प्रभावकारी बनाउने विषयमा समेत छलफल हुने जनाइएको छ।

यसैबीच चीनको पुराङ काउन्टी र हुम्लाको नाम्खा गाउँपालिकाबीच भगिनी सम्बन्ध कायम गर्ने विषयमा विशेष प्रस्तावमा हस्ताक्षर गर्ने तयारीसमेत गरिएको नाम्खा गाउँपालिकाका अध्यक्ष लामाले बताए।

सीमा क्षेत्रमा हुनसक्ने विपद् तथा जोखिम न्यूनीकरणका विषयमा समेत दुवै पक्षबीच अनुभव र जानकारी आदानप्रदान गरिने कार्यक्रम रहेको छ।

# दैलेखमा बालविवाह चुनौती कायमै

❑ काँक्रेविहार संवाददाता
दैलेख, ३० भदौ



बालविवाह न्यूनीकरणका लागि सरकारी तथा गैरसरकारी क्षेत्रबाट निरन्तर अभियान सञ्चालन भइरहे पनि दैलेखमा २० वर्षमुनि प्रसूति हुने किशोरीको संख्या अपेक्षाअनुसार घट्न सकेको छैन।

जिल्ला अस्पताल दैलेखको पछिल्लो चार आर्थिक वर्षको तथ्याङ्कले कम उमेरमै गर्भधारण र प्रसूतिको अवस्था अझै चुनौतीपूर्ण रहेको देखाएको छ।

अस्पतालका अनुसार आव २०७९/८० मा पाँच सय ७० जना महिलाले प्रसूति सेवा लिएकामा २० वर्षमुनिका १५.४४ प्रतिशत थिए। आव २०८०/८१ मा कुल पाँच सय २२ प्रसूति भएकामा उक्त उमेर समूहको हिस्सा १५.५२ प्रतिशत पुगेको थियो।

आव २०८१/८२ मा कुल ६ सय ४२ प्रसूति हुँदा २० वर्षमुनिका किशोरीको हिस्सा बढेर १८.३८ प्रतिशत पुगेको थियो।

गत आव २०८२/८३ मा ६ सय ५८ जना प्रसूति भएकामा २० वर्षमुनिका प्रसूति १७.७८ प्रतिशत रहेको अस्पतालले जनाएको छ। पछिल्लो वर्ष केही कमी आए पनि चार वर्षको समग्र तथ्याङ्कले किशोरी प्रसूति दरमा अपेक्षित सुधार नभएको देखाउँछ।

जिल्ला अस्पताल दैलेखका कार्यालय प्रमुख डा.मनोजकुमार विश्वकर्माले कम उमेरमा विवाह र असुरक्षित यौनसम्पर्कका कारण किशोरीहरू शारीरिक रूपमा पूर्ण परिपक्व नहुँदै गर्भवती हुने समस्या रहेको बताए।

कम उमेरमा गर्भधारण र प्रसूति हुँदा आमा तथा शिशु दुवैमा स्वास्थ्य तथा पोषणसम्बन्धी जोखिम बढ्न सक्ने उनको भनाइ छ।

अस्पतालको पोषण पुनर्स्थापना केन्द्रमा पाँच वर्षमुनिका ५६ जना शीघ्र कुपोषित बालबालिकाको उपचार गरिएको छ भने एक सय ३६ जना शीघ्र कुपोषणका बिरामी पहिचान भएका छन्।

महिला अधिकारकर्मी सुनिता चन्दले बालविवाह रोकथामका नाममा हुने कार्यक्रमको प्रभावकारिता र खर्चको परिणामबारे नियमित समीक्षा आवश्यक रहेको बताइन्। उनका अनुसार बजेट खर्चभन्दा उपलब्धि र व्यवहार परिवर्तनलाई आधार बनाएर अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# शुल्क वृद्धि फिर्ताको माग गर्दै संयुक्त विद्यार्थी संगठनको विज्ञप्ती



❒ कााँक्रेविहार संवाददाता
सुर्खेत, ३० भदौ

कर्णाली प्रदेशको राजधानी सुर्खेतमा रहेको सुर्खेत बहुमुखी क्याम्पसमा गरिएको शुल्क वृद्धिको विरोधमा संयुक्त विद्यार्थी संगठनसहित विद्यार्थीहरूले आकर्षणपत्र बुझाएका छन् ।

शुल्क वृद्धि फिर्ता गर्न पटक-पटक ध्यानाकर्षण गराउँदा पनि क्याम्पस प्रशासनले विद्यार्थीका मागप्रति बेवास्ता गरेको भन्दै मंगलबार विद्यार्थीहरूले क्याम्पस प्रमुखको कार्यकक्षमा विज्ञप्ती बुझाएका हुन् ।

कर्णालीका विभिन्न जिल्लाबाट अध्ययनका लागि आउने विद्यार्थीमध्ये अधिकांश सामान्य तथा आर्थिक रूपमा कमजोर परिवारका रहेको भन्दै विद्यार्थीहरूले पछिल्लो शुल्क वृद्धि तत्काल फिर्ता गर्न माग गरेका छन् । विद्यार्थीका अनुसार क्याम्पस प्रशासनसँग पटक-पटक अनुरोध तथा छलफलको प्रयास गरिए पनि समस्या समाधानका लागि अहिलेसम्म प्रभावकारी छलफल अघि बढाइएको छैन । क्याम्पसले बि.एड. को शुल्क सात हजार पाँच सय सयबाट बढाएर नौ हजार, बि.बि.एस. को नौ हजारबाट ११ हजार पाँच सय, बि.एड.साइन्सको १३ हजार पाँच सयबाट १६ हजार तथा बि.आइ.सि.टी.इ. को २२ हजार पाँच सयबाट २५ हजार रुपैयाँ पुऱ्याएको विद्यार्थीहरूले बताएका छन् ।

विद्यार्थी नेता भरत शाही ठकुरीले विद्यार्थीको आर्थिक अवस्थालाई बेवास्ता गर्दै गरिएको शुल्क वृद्धि कुनै हालतमा स्वीकार्य नहुने बताए । उनले विद्यार्थीको जायज माग सम्बोधन नगरे थप आन्दोलनका कार्यक्रम घोषणा गरिने चेतावनी दिए ।

विद्यार्थीहरूले शुल्क वृद्धि फिर्ता नभएसम्म आन्दोलन जारी रहने बताएका छन् । उनीहरूले खाली आश्वासन नभई निर्णय र प्रतिबद्धता नभई शुल्क वृद्धि फिर्ता गर्नुपर्ने माग गरेका छन् ।

विद्यार्थी नेताहरूले शुल्क वृद्धिले विद्यार्थीमाथि थप आर्थिक भार सिर्जना गरेको भन्दै प्रशासनलाई तत्काल निर्णय सच्याउन आग्रह गरेका छन् । साथै, विद्यार्थी संगठन तथा स्ववियुको भूमिकालाई कमजोर बनाएर विद्यार्थीमाथि मनपरी शुल्क थोपर्न खोजिएको आरोपसमेत लगाएका छन् । उनीहरूले क्याम्पस प्रशासनले समयमै विद्यार्थीको आवाज सम्बोधन नगरे आन्दोलन थप निर्णायक बनाउने चेतावनी दिएका छन् ।

# काठ लिलाम बिक्री सम्बन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०५/३१*

यस सा.व.उ.स. बाट आर्थिक वर्ष २०८२/०८३ मा संकलन भएको खयर गोलिया काठ जम्मा थान २९५ को परिमाण १०९३.२२ क्यूफिट जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी प्रचलित कानुन अनुसार बिक्री गर्नुपर्ने भएकाले सम्बन्धित सबैमा २१ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीका लागि कार्यालय समयमा यस सा.व.उ.स.मा सम्पर्क गर्न अनुरोध छ ।

**श्री सुनदेवी महिला सामुदायिक वन उपभोक्ता समूह**
**शुक्लाफाँटा न.पा.- ८ कञ्चनपुर**

# बाँकेमा ६ सय हेक्टरभन्दा बढी वन क्षेत्र अतिक्रमण, करिब चार हजार घरटहरा निर्माण

❒ कााँक्रेविहार संवाददाता
बाँके, ३० भदौ

बाँकेमा आर्थिक वर्ष २०८२/८३ सम्ममा ६ सय ७ हेक्टरभन्दा बढी वन क्षेत्र अतिक्रमणमा परेको छ । अतिक्रमित वन क्षेत्रमा करिब ३ हजार ९९० घरटहरा निर्माण भएका छन् ।

हालसम्म बाँकेमा ६०७ दशमलव ९८ हेक्टर वन क्षेत्र अतिक्रमण भएको डिभिजन वन कार्यालय बाँकेका सूचना अधिकारी टङ्क गुरुङले जानकारी दिएका छन् । अतिक्रमणको ठुलो हिस्सा विगतमा बाढीबाट विस्थापित भएका परिवारसँग जोडिएको छ । नरैनापुर गाउँपालिकामा मात्रै २७३ हेक्टर वन क्षेत्र अतिक्रमण गरी ९७५ घरधुरी बसोबास गरिरहेका छन् । तत्कालीन समयमा बाढीपीडितलाई बस्न दिइएको क्षेत्रमा अतिक्रमण हटाउने प्रयास भए पनि पुनः बाढी आएपछि विस्थापित परिवार फर्केर बस्न थालेका हुन् ।

विक्रम संवत् २०६६ र त्यसपछि बाढीबाट प्रभावित परिवारलाई बसोबासका लागि दिइएको वन क्षेत्र व्यवस्थित हुन नसक्दा समस्या बढ्दै गएको हो । २०७४ सालको बाढीपछि पनि त्यस्ता परिवार पुनः वन क्षेत्रमा आएर बसोबास गर्न थालेका छन् ।



राप्तीसोनारी गाउँपालिकाको वडा नम्बर ५, ६ र ७ मा २११ हेक्टर वन क्षेत्र अतिक्रमण गरी १ हजार ९२५ घरधुरीले बसोबास तथा खेतीपाती गर्दै आएका छन् । वडा नम्बर २ मा ३२ दशमलव ९८ हेक्टर वन क्षेत्र अतिक्रमण गरी ६०४ घरटहरा निर्माण गरिएको छ । सोही गाउँपालिकाको वडा नम्बर १, ३ र ४ मा ४१ हेक्टर वन क्षेत्र अतिक्रमण गरी ७२ घरधुरी बसोबास गरिरहेको पाइएको छ ।

कोहलपुर नगरपालिका वडा नम्बर ७, ८ र १२ तथा बैजनाथ गाउँपालिका-२ मा समेत वन क्षेत्र अतिक्रमण भएको छ । ती क्षेत्रमा २०४४/४५ देखि २०७१/७२ सम्म गैरबाढीपीडितका २० घरटहरा निर्माण भए पनि अहिले त्यहाँ नियमित बसोबास नरहेको र सात जनाले भने खेतीपाती गर्दै आएका छन् ।

डुडुवा गाउँपालिका-१ बाहेक अन्य वडा र नेपालगन्जका विभिन्न क्षेत्रमा समेत वन क्षेत्रमा ३९४ घरटहरा निर्माण भएको सूचना अधिकारी गुरुङले जानकारी दिए । बाँकेमा भएको अधिकांश वन अतिक्रमण २०७५ सालअघि नै भएको हो । वन अतिक्रमण हटाउन चालु आर्थिक वर्षमा योजना बनाएर अगाडि बढ्ने डिभिजन वन कार्यालय बाँकेले जनाएको छ ।

# चिलिमे सुरुङको १३० मिटरभित्र पुग्यो उद्धार टोली, ८ जना फसेको आशङ्का

❒ कााँक्रेविहार संवाददाता
काठमाडौं, ३० भदौ



रसुवाको चिलिमे हाइड्रो पावरको सुरुङभित्र नेपाली सेना, सशस्त्र प्रहरी बल र भारतीय विशेषज्ञहरूले खोजीकार्य जारी राखेका छन् । भोटेकोशी बाढीको २०औँ दिनमा उद्धारकर्मीहरू चिलिमेको सुरुङको १३० मिटर भित्र पुगेका छन् ।

संयुक्त उद्धार टोलीले ठुला उपकरणहरू एक्स्काभेटर र लोडर प्रयोग गरेर सुरुङको मुखबाट १ सय मिटर भित्रसम्मको डेब्रिज हटाएका छन् । सुरुङको मुखबाट भित्र ठुला ढुङ्गा र लेदो धेरै पसेको भेटिएपछि त्यसलाई हटाउन समय लागेको सैनिक प्रवक्ता (सहायकरथी) राजाराम बस्नेतले रातोपाटीलाई बताए । उनले भने, 'त्यहाँ टनेलभित्रबाट पानी आइरहेको हुनाले पम्पको प्रयोग गरेर पानी हटाउँदै उद्धारकर्मी भित्र छिरेर खोजीकार्य गरिरहेका छन् ।'

पानी आइरहेको होलबाट उद्धारकर्मी करिब १३० मिटर भित्र प्रवेश गरेका छन् । चिलिमेमा ८ जना मानिसहरू फसेको आकलन गरिएको छ । माथिल्लो त्रिशूली-१ जलविद्युत आयोजनाको अडिट ३ मा सेना र आयोजनाका प्राविधिक सहितको उद्धार टोली करिब ६ सय मिटर भित्र पुगेर खोजी कार्य गरिरहेका छन् । अहिले रसुवा र नुवाकोटका ६ वटा सुरुङमा खोजी कार्य भइरहेको छ ।







कााँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४५७५४/९८६४८८०६००, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)